## जुनसुकै बेला पनि धुम्रपान वा vaping (भेपिङ) छोड्नु राम्रो कुरा हो चाहे त्यो क्यान्सरको उपचार पश्चात किन नहोस्।

यसले तपाईंलाई निम्न अवस्थामा मद्दत गर्न सक्छ:

- उपचारको क्रममा
- उपचार पश्चात
- स्वास्थ्यलाभको समयमा।

धेरै मानिसहरूले छोड्नु अघि धेरै पटक प्रयास गर्छन्। यो सामान्य हो।

तपाईंले यो एक्लै गर्नु पर्दैन। सहायता उपलब्ध छ।



# आजै पहिलो कदम चाल्नुहोस्

हामीलाई थाहा छ यो कठिन कुरा हो, र तपाईंको दिमागमा धेरै कुराहरू खेल्न सक्छन्। धुम्रपान वा vaping (भेपिङ) छोड्नु सजिलो छैन।

खुशीको खबर यो हो कि तपाईं एक्लो हुनुहुन्न - हामी सहयोग गर्न यहाँ छौं।

### NSW Quitline (NSW क्विटलाइन) खुल्ने समय:

| | |
|---|---|
| सोमबार देखि शुक्रबार: | बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म |
| शनिबार: | बिहान ९ बजेदेखि बेलुका ५ बजे सम्म |
| आइतबार र सार्वजनिक बिदाको दिनमा: | बन्द रहन्छ |



**iCanQuit**

तपाईंको लागि उपयुक्त साधनहरू प्रयोग गरेर धुम्रपान वा vaping (भेपिङ) छुटाउन सहयोग गर्छ।

iCanQuit.com.au




**Pave (पेभ)**

युवाहरूलाई vaping (भेपिङ) छुटाउन सहयोग गर्ने नि:शुल्क मोबाइल एप।

**Pave (पेभ) डाउनलोड गर्नुहोस्**




**NSW Quitline (NSW क्विटलाइन)**

धुम्रपान वा vaping (भेपिङ) छुटाउन मद्दत गर्ने नि:शुल्क फोन सेवा।

दोभाषे उपलब्ध छ।

**फोन 13 7848**

SHPN (CI) 260468-8 Nepali



# क्यान्सरको उपचार पश्चात धुम्रपान वा vaping (भेपिङ) छोड्ने योजना

## छोड्न ढिलो कहिल्यै हुँदैन।



iCanQuit.com.au

NSW GOVERNMENT

# धुम्रपान र vaping (भेपिङ) छोड्दा के फाइदा हुन्छ?

**यसले तपाईंको क्यान्सर उपचारलाई सफल बनाउन सहयोग गर्छ,** केही क्यान्सरका उपचारहरू तपाईंले धुम्रपान वा vape (भेप) नगर्दा सफल हुने गर्छन्।

**निकै कम साइड इफेक्ट (नकारात्मक असरहरू) हरू** तपाईंलाई यस्तो महसुस हुन सक्छ:

- कम थकान
- कम बिरामी
- संक्रमणको कम जोखिम।

**छिटो निको हुन्छ**
उपचार वा शल्यक्रिया पश्चात तपाईंको शरीर छिटो निको हुन्छ। तपाईंले अस्पतालमा कम समय बिताउनुहुन्छ।

**फेरि क्यान्सर हुने सम्भावना निकै कम हुन्छ।**
लत छोड्नाले तपाईंको स्वास्थ्यमा सुधार आउँछ र फेरि क्यान्सर हुने सम्भावना निकै कम हुन्छ।

**अर्को क्यान्सर हुने सम्भावना निकै कम हुन्छ।**
लत छोड्नाले भविष्यमा नयाँ क्यान्सर हुने सम्भावना निकै कम हुन्छ।



Vaping (भेपिङ) ले निम्न स्वास्थ्य समस्याहरू निम्त्याउँछ जस्तै:

- श्वासप्रश्वासमा समस्या
- फोक्सोको क्षति
- मुटुको समस्या

Vapes (भेप) मा निकोटिन हुन्छ। निकोटिन धेरै लत लाग्ने हुन्छ।

Vaping (भेपिङ) छोड्नाले तपाईंको स्वास्थ्य र स्वास्थ्य लाभमा सहयोग पुग्छ।



# स्वास्थ्यकर्मीसँग कुरा गर्नुहोस्

यदि तपाईं धुम्रपान वा Vape (भेप) गर्नुहुन्छ भने, आफ्नो डाक्टर, नर्स वा स्वास्थ्यकर्मीसँग कुरा गर्नुहोस्।

उनीहरूले तपाईंलाई छुटाउने योजना बनाउन मद्दत गर्न सक्छन्, उनीहरूले औषधिहरू र पट्टी, चुइङगम, वा स्प्रे जस्ता निकोटिन प्रतिस्थापन थेरापीको बारेमा कुरा गर्नेछन्।

**धूम्रपान गर्ने वा Vape (भेप) गर्ने सबैलाई NSW Quitline (NSW क्विटलाइन) बाट सहायता प्रदान गरिनेछ। यो सेवा नि:शुल्क छ र गोपनीय रहन्छ।**

Quitline 13 7848

# Quitline (क्विटलाइन) बाट मद्दत लिनुहोस्।

Quitline (क्विटलाइन) कर्मचारीहरूले निम्न काम गर्नेछन्:

- सहयोग र सल्लाह दिनेछन्
- योजना बनाउन सहयोग गर्नेछन्
- तपाईंको धुम्रपान वा vape (भेप) गर्ने चाहनालाई व्यवस्थापन गर्न सहयोग गर्नेछन्
- निकोटिन प्रतिस्थापन थेरापीको व्याख्या गर्नेछन्
- फलो-अप (निगरानी) को व्यवस्था गर्नेछन्
- तपाईंको परिवार र साथीभाईहरूलाई सहयोग गर्नेछन्।

